नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
बढुवा
(.............................. शाखा)

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७
फ्याक्स ०१-६६३७८७२

पत्र संख्या : ०८२/०८३
चलानी नं.: ६३८

मिति: २०८३।०३।२४
नेपाल सम्वत् ११४६ तछलागा, अष्टमी

विषयः पुनरवलोकन समितिको मूल्याङ्कन सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई
(७७ ओटै)

प्रस्तुत विषयमा शिक्षकहरूको शैक्षिक सत्र २०८२ को कार्यसम्पादन मूल्याङ्कन फाराम व्यवस्थापनसम्बन्धी यस आयोगको च.न. ५०६ मिति २०८३।०१।०२ को पत्रानुसार कार्यसम्पादन गर्नुभएकै होला । शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ३२घ. को उपनियम ९ मा "पुनरवलोकन समितिले आफू समक्ष प्राप्त भएको कार्यसम्पादन मूल्याङ्कन फाराम शैक्षिक सत्र शुरू भएको मितिले नब्बे दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्ने छ" भन्ने व्यवस्था रहेको र वि.सं. २०८३ को शैक्षिक सत्र २०८३ वैशाख १५ देखि प्रारम्भ भएको सन्दर्भमा शैक्षिक सत्र २०८२ को कार्यसम्पादन मूल्याङ्कन फाराममा पुनरवलोकन समितिको मूल्याङ्कन मिति २०८३ श्रावण १० गतेभित्र सम्पन्न गर्नुपर्ने समयसीमा रहेको छ । तसर्थ कानुनले तोकेको समयसीमा भित्र पुनरवलोकन समितिको मूल्याङकन सम्पन्न गरी मिति २०८३ श्रावण मसान्तभित्र कोशी, मधेश, वागमती, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशस्थित जिल्लाहरूले सम्बन्धित शिक्षा विकास निर्देशनालय र गण्डकी प्रदेशका जिल्लाहरूले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, पोखरामा पुग्ने गरी पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०८३।०३।२४
रामचन्द्र शर्मा
उपसचिव

बोधार्थ/कार्यार्थ

श्री शिक्षा विकास निर्देशनालय (सबै)/ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी : सबै जिल्लाबाट निर्धारित समयमा कार्यसम्पादन मूल्याङ्कन फाराम प्राप्त गर्नका लागि समन्वय एवम् सहजीकरण गरी दिनु हुन अनुरोध छ ।

श्री स्थानीय तह (सबै)

E-mail:tscapplication1@gmail.com, Website: www.tsc.gov.np